**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०४ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- लोकसभा अनि राज्यसभामा आज राष्ट्रपतिको अभिभाषण बारे धन्यवाद प्रस्ताव माथि चर्चा पुनः शुरू भयो ।

- प्रधानमंत्री नरेन्द्र मोदीले आगामी 6 फरवरी 'परीक्षा पे चर्चा' कार्यक्रम हेर्ने आग्रह गर्नुभएको छ।

- बंगाल की मुख्यमंत्री ममता ब्यानर्जी तथा उहाँका पार्टीले मतदाता सुचि गहन पुनरीक्षण विरूद्ध दायर याचिका माथि आज सर्वोच्च अदालमा भारतका मुख्य न्यायाधीशको अगुवाईमा रहेको पीठले सुनवाई गर्यो।

- पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जीले आज सोशल मीडिया मञ्च एक्समा दुई महान विभूतिहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

- आज विश्व क्यान्सर दिवस हो। यो दिन प्रतेक वर्ष 4 फरवरीमा क्यान्सरको बारेमा जागरूकता गराउन र यसको रोकथाम, अनुसन्धान र उपचारलाई प्रवर्द्धन गर्न मनाइन्छ।

**लोकसभा - धन्यवाद प्रस्ताव**

लोकसभामा आज राष्ट्रपतिको अभिभाषण माथि धन्यवाद प्रस्ताव माथि चर्चा पुनः शुरू भयो । दोस्रो पल्ट सदन स्थगित भए पछि अपरान्ह 2 बजे जब सदनको कार्यवाही फेरि शुरू भयो तब चर्चामा भाग लिंदै तेलगु देशम पार्टीका जीएम बालायोगीले धन्यवाद प्रस्तावको समर्थन गर्दै भन्नुभयो कि राष्ट्रपतिको अभिभाषण सुधारहरु , समावेशन अनि दीर्घकालिक प्रतिस्पर्धा माथि आधारित एक आत्मविश्वासपूर्ण राष्ट्रीय रोडमैप प्रस्तुत गर्दछ । उहाले भन्नुभयो - राष्ट्रपतिको अभिभाषणमा इलेक्ट्रॉनिक्स विनिर्माण क्षेत्रमा 25 लाख नौकरिहरुको सृजन अनि आईटी सेवाहरु तथा वैश्विक क्षमता केन्द्रहरुमा एक करोड़ भन्दा अधिक भारतीयहरुलाई रोजगार दिएको उल्लेख गरिएको छ । भाजपा का निशिकांत दुबेले धन्यवाद प्रस्तावको समर्थन गर्नुभयो अनि कांग्रेस शासनकालको अवधि भ्रष्टाचारको मुद्दा उठाउनु भयो । जब उहाले पूर्व प्रधानमंत्रिहरु जवाहरलाल नेहरू अनि इंदिरा गांधीसित संबंधित पुस्तकहरु बारे उल्लेख गर्नुभयो तब पीठासीन अधिकारीले दुबेसित केवल धन्यवाद प्रस्ताव माथि बोल्ने बताउनुभयो किनभने लोकसभा अध्यक्ष ओम बिरलाले यस मामलामा आफ्नो फैसला दिईसक्नु भएको छ । विपक्षको हंगामा बीच, अध्यक्षले सदनलाई भोलीसम्मको लागि स्थगित गरिदिनुभएको छ ।

**लोकसभा - प्रधानमन्त्री-गरीब कल्याण योजना**

सरकारले १००% रासन कार्डहरू डिजिटलाइज गरिएको र ९९% भन्दा बढी आधारसँग जोडिएको बताएको छ। आज लोकसभामा एक पूरक प्रश्नको जवाफ दिनुहुँदै उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण राज्यमन्त्री निमुबेन बम्भनियाले प्रधानमन्त्री नरेन्द्र मोदीले खाद्य सुरक्षालाई उच्च प्राथमिकता दिएको बताउनुभयो।उहाँले भन्नुभयो -सरकारले प्रधानमन्त्री गरीब कल्याण अन्न योजना अन्तर्गत सबै राज्य र केन्द्र शासित प्रदेशहरूमा ८१ करोडभन्दा बढी लाभार्थीहरूलाई नि:शुल्क खाद्यान्न प्रदान गरिरहेको छ।राज्यमंत्री बम्भनियाले भन्नुभयो-यो योजना विश्वको सबैभन्दा ठूलो खाद्य सुरक्षा कार्यक्रम हो।उहाँले भन्नुभयो एक राष्ट्र, एक रासन कार्ड योजना कार्यान्वियनसँगै, प्रवासी कामदारहरूले अब देशभरका कुनै पनि उचित मूल्य पसलबाट आफ्नो हकदार खाद्यान्न सङ्कलन गर्न सक्छन्।उहाँले एक राष्ट्र, एक रासन कार्ड योजना अन्तर्गत २०१ करोडभन्दा बढी पोर्टेबिलिटी कारोबारहरू रेकर्ड गरिएको छ।

**लोकसभा-अमृत भारत**

सरकारले भनेको छ कि अमृत भारत स्टेशन योजना अन्तर्गत 1 सय 72 रेलवे स्टेशनहरुको पुनर्विकास गरिएको छ। रेल मंत्री अश्विनी वैष्णवले आज लोकसभामा यसको जानकारी दिंदै भन्नुभयो कि यस योजना अन्तर्गत विकास कार्यहरुको लागि अहिलेसम्म एक हजार तीन सय 37 स्टेशनहरु चिन्हित गरिएको छ। योजनामा स्टेशनहरुको विकासका लागि मास्टर प्लान तैयार गर्ने अनि यसको चरणबद्ध कार्यान्वयन गरिने उहाले बताउनुभयो। केन्द्रीय मंत्रीले भन्नुभयो - मास्टर प्लानमा स्टेशन सम्म पुग्ने मार्गमा सुधार, स्टेशनहरुमा प्रतीक्षा कक्ष, शौचालय, बस्ने अनि पिउने पानीको व्यवस्था, पार्किंग क्षेत्र तथा दिव्यांगजनहरुका लागि सुविधाहरु सामेल छन्।

**राज्यसभा - धन्यवाद प्रस्ताव**

राज्यसभामा पनि आज राष्ट्रपतिको अभिभाषण माथि धन्यवाद प्रस्ताव माथि पुनः चर्चा शुरु भयो। यसमा भाग लिंदै केंद्रीय मंत्री अनि सदनका नेता जेपी नड्डाले भन्नुभयो – राष्ट्रपतिको अभिभाषणले देशको विकास गाथालाई दर्शाउदछ अनि अत्यंत प्रेरणादायक छ। उहाले भन्नुभयो – राष्ट्रपतिको अभिभाषणले अमृतकालको भावनालाई दर्शाउदछ अनि मोदी सरकारको उपलब्धिहरुलाई पनि उजागर गर्दछ। श्री नड्डाले भन्नुभयो पहिला विश्वको पांच सबैभन्दा कमजोर अर्थव्यवस्थाहरु मद्धे एक रहेको भारत अब विश्वको सबैभन्दा तिव्र गतिमा बढिरहेको प्रमुख अर्थव्यवस्था बनेको छ। सरकारले सुधार, प्रदर्शन अनि परिवर्तनको दृष्टिले काम गरिरहेको उहाले बताउनुभयो। केंद्रीय मंत्रीले भन्नुभयो कि राष्ट्रपतिले सताब्दीऔ पुरानो संस्कृति अनि परंपराहरु बारे पनि कुरा गर्नुभयो अनि बर्ष 2047 सम्म विकसित भारतको लक्ष्य तर्फ अग्रसर हुने बिषय माथि जोर दिनुभयो। उहाले भन्नुभयो भारतले बिभिन्न देशहरु सित धैरै मुक्त व्यापार समझौता गरेको छ जसले गर्दा देशका मानिसहरुको लागि अनेक अवसर श्रिजना गरेको छ।राज्यसभामा विपक्षका नेता मल्लिकार्जुन खड़गेले चर्चामा भाग लिंदै मोदी सरकारको शासनमा सामाजिक न्याय अनि सद्भावको स्थिति बिग्रिएको आरोप लगाउनुभयो।

**पी.एम – परीक्षा पे चर्चा**

प्रधानमंत्री नरेन्द्र मोदीले आगामी ६ फरवरी 'परीक्षा पे चर्चा' कार्यक्रम हेर्न आग्रह गर्नुभएको छ। एक सोशल मीडिया पोस्टमा प्रधानमंत्रीले युवाहरूसितको वार्तालाप ऊर्जा पूर्ण रहेको बताउनुभयो। उहाँले परीक्षार्थीहरूलाई तनावमुक्त भएर परीक्षा दिन ,चुनौतीहरूको सामना गर्न व्यवहारिक तरीका अपनाउन, सामनंजस्य स्थापित गर्न र आत्मविश्वास बढ़ाउन बारे जोर दिनुभयो।श्री मोदीले यस वर्ष परीक्षार्थीहरूसित देवमोगरा, कोंयबटूर, रायपूर, गुवाहाटी र उहाँको आधिकारिक आवास सात लोक कल्याण मार्ग , दिल्लीमा महत्वपूर्ण सत्रहरू आयोजना गरिएको जानकारी दिनुभयो। प्रधानमंत्रीको परीक्षा पे चर्चाको ६ औं संस्करण हुनेछ तथा यसपाली रेकर्ड ६ करोड़ भन्दा बढ़ी विध्यार्थी , अभिभावक र शिक्षकहरूको पंजीकरण गराई सकेका छन्।

**सर्वोच्च** अ**दालत -ममता**

बंगाल की मुख्यमंत्री ममता ब्यानर्जी तथा उहाँका पार्टीले मतदाता सुचि गहन पुनरीक्षण विरूद्ध दायर याचिका माथि आज सर्वोच्च अदालमा भारतका मुख्य न्यायाधीशको अगुवाईमा रहेको पीठले सुनवाई गर्यो। सुनवाईको बेला बरिष्ठ वकिलहरूसित मुख्य मंत्री सुश्री ब्यानर्जीले स्वयं एक वकिलको हैसियतमा आफ्नो दलिलहरू पेश गर्नु भयो। आज दिउँसो अदालती कारवाही शुरू हुन्दा मुख्यमंत्रीले सर्वोच्च अदालतमा भारतका मुख्य न्यायाधीश (CJI) सूर्यकांतको अदालतमा भारतको चुनाव आयोग (EC) माथि तीखो हमला गर्दै भन्नु भयो चुनाव आयोगले लाखलाख मतदाताको नाम मतदाता सूचिबाट काट्नका लागि यो एसआईआर गराइरहेको छ। आफूले एसआईआर प्रक्रियाको वैधता माथि प्रश्न उठाउँदै आफूले अहिले सम्म चुनाव आयोगलाई 6 वटा पत्र लेखि सकेको तर आयोगले एउटैको पनि उत्तर न दिएको आरोप लगाउनु भयो। उहाँले राज्यका मतदाताहरूसित न्याय नभएको र बिना ठोस कारण हियरिंगका लागि बोलाइन्दैछ र मानिसहरूलाई परेशान गरिन्दै छ भन्नु भयो। उहाँले थप भन्नु भयो काँही जीवित मानिसहरूलाई मेरो क देखाउंदै लिस्टबाट नाम काटिन्दै छ भने काही नाममा बनान स्पेलिंग भूल भएकोले हियरिंगमा बोलाइन्दै छ तथा विहे गरेर ससुराली गइसकेकी महिलाहरूको उपनाम मेल नहुँदा पनि सुनवाईका लागि बोलाइन्दै छ भनि भन्नु भयो। मुख्य न्यायाधिशले राज्यका मानिसहरूसित कुनै अन्या नहुने भन्दै चुनाव आयोगलाई नोटिस जारी गर्नु भएको छ जसको जवाफ 9 फरवरी सम्ममा अदालतमा पेश

ग्रनु पर्नेछ तथा यस मुद्दामा अघिल्लो सुनवाई त्यसै दिन 9 फरवरीको गरिनेछ।

**राज्यसभा-पश्चिम बंगाल**

भारतीय जनता पार्टीका राज्यसभा सांसद समिक भट्टाचार्यले ममता बनर्जीको नेतृत्वमा रहेको पश्चिम बंगाल सरकार केंद्रको बिभिन्न योजनाहरु लागू गर्नमा विफल रहेको दावी गर्नुभएको छ । उहाले भन्नुभयो यसले पश्चिम बंगालका मानिसहरुलाई धरै क्षति भइरहेको छ । सदनमा आज शून्यकालको अवधि श्री समिकले भन्नुभयो कि राज्यका जनजातीय अनि अल्पसंख्यक समुदायका मानिसहरु केंद्र सरकारबाट पाउने योजनाहरुको लाभ **नपाएर** पीड़ित छन् ।श्री समिकले सदनमा यस्ता बिभिन्न योजनाहरुको पनि उल्लेख गर्नुभयो जो राज्यमा लागू गरिएको छैन । पश्चिम बंगाल देशको एकमात्र यस्तो राज्य रहेको उहाले आरोप लगाउनुभयो जसले **आयुष्मान भारत प्रधानमंत्री जन आरोग्य योजनालाई** लागू गरेको छैन । राज्यसभा सांसदले भन्नुभयो कि प्रधानमंत्री फसल बीमा योजना सहित विभिन्न केंद्रीय योजनाहरुको क्रियान्वयन **नभएकोले गर्दा** राज्यमा कृषकहरुलाई धेरै क्षति भइरहेको छ । पश्चिम बंगाल सरकार द्वारा भूमि उपलब्ध **नगराएकोले** 43 रेलवे परियोजनाहरु ठप्प रहेको उहाले अझ बताउनुभयो ।

**विश्व क्यान्सर दिवस**

आज विश्व क्यान्सर दिवस हो। यो दिन हरेक वर्ष 4 फेब्रुअरीमा क्यान्सरको बारेमा जागरूकता जगाउन र यसको रोकथाम, पत्तो लगाउने र उपचारलाई प्रवर्द्धन गर्न मनाइन्छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले भन्नुभयो- यो दिनले क्यान्सरबाट बचेकाहरूलाई सहयोग गर्ने र स्वस्थ समाजको लागि नियमित स्क्रिनिङलाई प्रवर्द्धन गर्ने अवसर प्रदान गर्दछ। सामाजिक सञ्जालको एक पोस्टमा, श्री नड्डाले भन्नुभयो-प्रत्येक जिल्लामा क्यान्सर डे केयर युनिटहरूको स्थापना र आवश्यक क्यान्सर औषधिहरूमा भन्सार शुल्क छुटले बिरामीहरूलाई ठूलो राहत प्रदान गर्नेछ।उहाँले भन्नुभयो- आयुष्मान आरोग्य मन्दिरहरूले ठूलो मात्रामा स्क्रिनिङ मार्फत क्यान्सर उपचारमा उल्लेखनीय रूपमा मद्दत गरिरहेका छन्, जसले देशभर प्रारम्भिक पहिचान र समयमै उपचार सक्षम पार्दैछ।यस वर्ष, विश्व क्यान्सर दिवसको विषयवस्तु "युनिटाइड बाइ युनिक" हो, जसले मानिसहरूलाई हेरचाहको केन्द्रमा राख्ने लक्ष्य राख्छ।

**उच्च माध्यमिक चौथो सेमेस्टर**

पश्चिम बंगालमा उच्च माध्यमिक शिक्षा परिषद्ले सञ्चालन गरेको चौथो तथा अन्तिम सेमेस्टरको परीक्षा आगामी १२ फरवरी देखि सुरु हुँदैछ । परीक्षामा अब नौ दिन मात्र बाँकी छ र परीक्षार्थीहरु अन्तिम चरणको तयारीमा जुटेका छन् । यसैबीच, काउन्सिलले चौथो सेमेस्टर परीक्षाको प्रश्नपत्रको ढाँचाको बारेमा एक महत्त्वपूर्ण अपडेट जारी गरेको छ, जसले विद्यार्थीहरूलाई ठूलो राहत दिने अपेक्षा गरिएको छ। छात्रमा परीक्षाको दबाव कम्ति गर्ने उद्देश्यले उच्च माध्यमिक शिक्षा परिषदले प्रश्नपत्रहरुमा '2x फॉर्मूला' लागू गर्ने निर्णय लिएको छ । यस नयाँ नियम अन्तर्गत कुनै पनि एकाइ वा विषयबाट अनिवार्य प्रश्नको जवाफ दिनुपर्ने प्रश्नको संख्याभन्दा दुई गुणा प्रश्न विकल्पको रूपमा दिइनेछ । उदाहरणका लागि पहिले जहाँ दुई प्रश्नको उत्तर दिनका लागि तीनवटा प्रश्न दिइन्थ्यो, अब चार वटा प्रश्न दिइनेछ, जसमध्ये परीक्षार्थीहरूले कुनै पनि दुई प्रश्नको उत्तर लेख्न सक्नेछन् ।परिषद् स्रोतका अनुसार चौथो सेमेस्टरका सबै विषयको परीक्षामा यो नियम लागू हुनेछ । उच्च माध्यमिक शिक्षा परिषद्का सचिव प्रियदर्शनी मल्लिकले विद्यार्थीको सुविधालाई ध्यानमा राखेर प्रश्न संख्या बढाउन लागिएको बताउनु भयो । यसले परीक्षार्थीलाई थप विकल्प दिनेछ र उनीहरूले आफ्नो तयारी अनुसार प्रश्नहरू छनौट गर्न सक्षम हुनेछन्। काउन्सिलले आशा गरेको छ कि यो परिवर्तनले परीक्षाको मानसिक दबाब कम गर्नेछ र विद्यार्थीहरूले राम्रो अंक ल्याउने सम्भावना पनि बढाउनेछ।

**नेपाल - आम चुनाउ**

भारतले नेपालमा पॉच मार्चमा हुन लागिरहेको आम चुनाउलाई ध्यानमा राख्दै वाहनहरूको तेस्रो खेप पठाएको छ। यस खेलमा 223 वाहन सामेल छन्। यो खेप भारतीय दूतावासको माध्यमद्वारा पठाइएको छ। भारतीय दूतावासका अनुसार, तेस्रो खेपमा 150 वटा डबल क्याब पिकअप महिन्द्रा स्कर्पियो र 73 वटा डबल क्याब पिकअप महिन्द्रा बोलेरो सामेल छन्। यस अघि 61 वटा

वाहन नेपाल पठाईएको थियो जसलाई भारतीय दूतावासले 20 जनवरीका दिन नेपाल सरकारलाई हस्तान्तरित गरेको थियो। जानकारी अनुसार, यस पटक चुनाउमा भारतले साना-ठूला गरी लगभग 600 वटा वाहन नेपाललाई उपलब्ध गराउने छ।

**कृषक बन्धु -पुलबजार खण्ड**

दार्जीलिङ पुलबजार खण्डका विभिन्न ग्राम पन्चायतमा हाल केही महिनाहरुमा ज्यान गुमाएका २२ कृषक परिवारलाई आज कृषक बन्धु परियोजना अन्तर्गत प्रत्येकलाई 2 लाख रुपियाँको सहयोग राशिको चेक प्रदान गरियो।बिजनबारीस्थित एक निजी होटलमा आयोजित कार्यक्रममा डीडीए (DDA) पार्थ राय, खण्ड कृषि अधिकारी धिरेन छेत्रीसँगै जीटीए कृषि विभागका कार्यकारी सभासद सतीश पोखरेलको उपस्थितिमा खण्डभरिका २२ परिवारलाई 2 लाख रुपियाको चेक हस्तान्तरण गरिएको छ। उल्लेखनीय छ, आफ्नो नाममा जमीन भएका 18 वर्षदेखि 60 वर्षभन्दा अघि मृत्यु हुने कृषक परिवारको सहयोगको निम्ति राज्य सरकारद्वारा सञ्चालित कृषि बन्धु परियोजना अन्तर्गत ग्रामीण किसान परिवारलाई सहयोग गर्न पश्चिम बंगाल सरकारको कृषि विभागद्वारा २ लाख रुपियाँको सहयोग राशि प्रदान गरिने गरिन्छ।

**तकदाह टिष्टा भ्याली समष्टि- आभार**

तकदाह टिष्टा भ्याली समष्टिको टिष्टा भ्याली डी.भी. साइट नं. ३ का बासिन्दाहरूले अजय एडवाडर्सप्रति आभार व्यक्त गरेका छन्। केही महिना अघि इण्डियन गोर्खा जनशक्ति फ्रन्टका केन्द्रीय संयोजक अजय एडवाडर्सको क्षेत्र भ्रमणका क्रममा स्थानीय बासिन्दाहरूले टिष्टा भ्याली डी.भी. साइट नं. ३ जाने बाटोको अवस्थाबारे पूर्ण जानकारी गराउँदै सहयोगको गुहार लगाएका थिए। त्येस समय एडवाडर्सले निर्माण कार्यका लागि सिमेन्ट प्रदान गर्ने वाचा गरेका थिए। वाचाअनुसार केही दिनभित्रै ७५ बोरा सिमेन्ट पठाइएको थियो भने आज फेरि एक सय बोरा सिमेन्ट पठाइ दिएका छन्। यसको लागि स्थानीय मानिसहरुले अजय एडवाडर्सप्रति आभार ब्येक्त गरेका छन्।

****** ० ******